मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २५४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज ८ गते बुधबार ❑ 24 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## प्रधानमन्त्री कार्कीसँग निर्वाचन आयोगका पदाधिकारीको छलफल

**रासस**
काठमाडौं, ७ असोज

निर्वाचनको तयारीका विषयमा प्रधानमन्त्री सुशीला कार्कीसँग निर्वाचन आयोगका पदाधिकारीले मंगलबार छलफल गर्नुभएको छ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा प्रतिनिधिसभाको विघटन भई आगामी फागुन २१ गतेका लागि निर्वाचन तोकिएको सन्दर्भमा सोका लागि आवश्यक कानुन संशोधन, निर्वाचन व्यवस्थापन र स्रोत परिचालनलगायत विषयमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहितका पदाधिकारीले छलफल गर्नुभएको हो। छलफलमा सहभागी कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले निर्वाचनको तयारी गर्नैपर्ने र तयारीका सम्बन्धमा कुनै अवरोधहरू छन् भने त्यसलाई पहिचान गरेर सम्बोधन गर्नुपर्ने विषयमा छलफल भएको जानकारी दिनुभयो । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले निर्वाचनका लागि प्रभावकारी समन्वय गर्न प्रारम्भिक कुराकानी भएको जनाउँदै पछि आउने चुनौतीका विषयमा नेपाल सरकारसँग निरन्तर छलफल हुने बताउनुभयो । निर्वाचनको कार्यभार पूर्ण रूपमा सम्पन्न गर्नुपर्नेमा सरकार र आयोग स्पष्ट रहेको बताउँदै उहाँले स्वच्छ, निष्पक्ष र स्वतन्त्र एवं मितव्ययी निर्वाचन गराउन आयोग प्रतिबद्ध रहेको स्पष्ट गर्नुभयो । आयोगले तोकिएको समयमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गर्न मतदाता नामावली ऐन, २०७३ मा संशोधनलगायत आवश्यक स्रोतसाधनको सुनिश्चितताका लागि नेपाल सरकारसँग आग्रह गर्दै आएको छ। हाल आगामी कात्तिक १६ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदाताको सङ्ख्या एक करोड ८१ लाख ६८ हजार २३० रहेका छन्।

यसअघि यही असोज २ गते आयोगले गृहमन्त्री ओमप्रकाश अर्यालसँग छलफल गरेको थियो। उपनिर्वाचनको मिति तोकिएको सन्दर्भमा गत असार १६ गतेदेखि मतदाता नामावली सङ्कलन स्थगन भएकाले मध्यावधि निर्वाचनको मिति घोषणा भइसकेपछि मतदाता नामावली सङ्कलन खुला गर्न कानुनी प्रबन्ध गर्नुपर्नेछ । उक्त ऐनको दफा ४ को उपदफा २ को सो व्यवस्था संशोधनका लागि अध्यादेशबाट कानुन संशोधन गर्न आयोग र सरकारबीच छलफल भएको हो । गृहमन्त्री अर्यालले सर्वोच्च अदालतको आदेशबमोजिम विदेशमा रहेका नेपालीलाई पनि मताधिकार दिने उपायबारे सोच्न भनेपछि आयोगले त्यसका लागि कानुनी विज्ञसँग छलफल गरेको छ। गत भदौ २३ र २४ गतेको जेनजी प्रदर्शन र उत्पन्न परिस्थितिमा पूर्वप्रधानन्यायाधीश कार्कीको नेतृत्वमा गठित अन्तरिम सरकारले आगामी फागुन २१ गतेका लागि निर्वाचन घोषणा गरिसकेको छ।

## तातोपानी र केरुङ नाका बन्द हुँदा दसैँको सामान बेच्न समस्या

**रासस**
काठमाडौं, ७ असोज

नेपाल-चीन जोड्ने सिन्धुपाल्चोकको तातोपानी र केरुङ नाका बन्द हुँदा दसैँको सामान बेच्न समस्या भइरहेको व्यवसायीले गुनासो गरेका छन्।

नेपाल-चीन जोड्ने प्रमुख दुई नाका वर्षातका कारण अवरुद्ध हुँदा दसैँका लागि ल्याइएका हजारौं कन्टेनरका सामान नाकामा आरोकिँदा समस्या भइरहेको व्यवसायी बताएका हुन्।

नेपाल राष्ट्रिय व्यवसायी महासङ्घका निवर्तमान अध्यक्ष कुमार कार्कीले दसैँमा नेपाल-चीन जोड्ने दुई प्रमुख नाका अवरुद्ध हुँदा सामान नाकामा आएर रोकिएका बताउनुभयो । गत असार २४ गते नेपाल-चीन सिमानामा बग्ने लेन्दे खोलामा आएको बाढीले मितेरी खोलाको पुल बगाउनुका साथै पासाङल्हामु राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको थियो । मितेरी पुल नबन्दा अहिले पनि उक्त राजमार्ग सञ्चालनमा आउन सकेको छैन । साथै विगत एक महिनादेखि सिन्धुपाल्चोकको तातोपानी नाका पनि अवरुद्ध भएकोछ।राजधानीकाठमाडौँबाट सिन्धुपाल्चोकको तातोपानी जोड्ने अरनिको राजमार्गका विभिन्न ठाउँमा पहिरो जाँदा उक्त बाटोसमेत सञ्चालन हुन नसक्दा सामान नाकामा रोकिएका निवर्तमान अध्यक्ष कार्कीले बताउनुभयो । राष्ट्रिय व्यापार सङ्घका पूर्वअध्यक्ष सरोज श्रेष्ठले दुवै नाका बन्द भएपछि लत्ताकपडा र कच्चापदार्थ नआउँदा उद्योगी व्यवसायी मर्कामा परेका बताउनुभयो । उहाँका अनुसार हाल तातोपानी नाकामा तीन हजारभन्दा बढी र केरुङ नाकामा एक हजार ५०० भन्दा बढी कन्टेनर सामग्रीसहित रोकिएका छन् । नेपाल राष्ट्रिय व्यवसायी महासङ्घका अध्यक्ष मनोजबाबु श्रेष्ठले दसैँको नजिक बाटो बन्द हुँदा व्यवसायीको चिन्ता बढेको धारणा राख्नुभयो । "जेनजी प्रदर्शनका कारण समयमा नाकाबाट सामान ल्याउन नसक्दा व्यवसायीहरू समस्यामा परेका छन्", उहाँले भन्नुभयो।

दसैँमा सामान नआउँदा व्यवसाय सञ्चालनमा समस्या भइरहेको व्यापारीको भनाइ छ। समान अभाव हुनुका साथै भएका सामान महँगोमा खरिद गर्नु परिरहेको ग्राहकले गुनासो गरेका छन् । काठमाडौँको कीर्तिपुरबाट न्युरोडमा सामान किन्न आउनुभएका हीराकाजी महर्जनले यसपटक गत वर्षको तुलनामा लत्ताकपडा महँगो भएको बताउनुभयो। दसैँ अगाडि काठमाडौँको महाबौद्ध, असन, न्युरोड, कलङ्की, चाबहिल, कोटेश्वर, बानेश्वरलगायत क्षेत्रमा लत्ताकपडा किन्ने ग्राहकको घुइँचो लाग्ने गर्दछ।

## पृथ्वीराजमार्ग अबरुद्ध भएपछि गोरखा सडक व्यस्त

**रासस**
गोरखा, ७ असोज

पृथ्वीराजमार्ग पहिरोका कारण अबरुद्ध भएपछि केही दिनदेखि आँबुखैरेनी गोरखा सडक व्यस्त भएको छ।

जवाङ खोलामा खसेको सुक्खा पहिरोले राजमार्गको मुग्लिन मलेखु खण्ड अबरुद्ध भएपछि दमौली, पोखरा, बैंसिसहर, बागलुङदेखिका गाडी गोरखाको रुट भएर गन्तव्यतर्फ जान थालेका हुन्।

कतिपय गाडी मध्यपहाडी लोकमार्ग हुँदै आँबुखैरेनीबाट गोरखा बजार, आरुघाट, धादिङबैंसी हुँदै मलेखु निस्कने गरेका छन् । गत शुक्रबार तुइनखोलामा खसेको पहिरोले मुग्लिन नारायणगढ सडकखण्ड अबरुद्ध भएदेखि पृथ्वीराजमार्ग भएर गुड्ने गाडी पनि गोरखा, आरुघाट, धादिङबैंसी हुँदै मलेखु निस्कन थालेका हुन्। "पृथ्वीराज मार्गमा समस्या भएको धेरै दिनभइसक्यो। त्यसैले हिजोआज पोखरा, बागलुङ, म्याग्दी, मुस्ताङ, लमजुङका गाडी मध्यपहाडी लोकमार्ग हुँदै मलेखु निस्कन थालेका छन्", गोरखा दरौँदी यातायात प्रालिका अध्यक्ष दीपक बोहोरा भन्नुहुन्छ, "विशेषगरी माइक्रोबस, कार, जीप, भ्यान, बाइक चाहीँ आँबुखैरेनीबाट गोरखा बजार, आरुघाट, धादिङबैंसी हुँदै मलेखु निस्कन्छन् ।" दैनिक सयौँको सङ्ख्यामा सवारीसाधन मध्यपहाडी राजमार्ग तथा गोरखा बजार हुँदै आवतजावत गर्ने गरेको उहाँले बताउनुभयो। गोरखा, आरुघाट हुँदै घुमेर मलेखु झर्दा दुईघण्टा समय थप लागे पनि यात्रुहरू गन्तव्यमा पुग्न सम्भव भएको उहाँले जानकारी दिनुभयो।

ग्रामीण सडकबाट सदरमुकाम आउने गाडीले भरिभराउ हुने गोरखा बजार अहिले लमजुङ, तनहूँ, पोखरादेखि आएका गाडीले थप व्यस्त हुन थालेका स्थानीय बताउँछन्।

"यतिबेला यसै पनि दसैँका कारण बजारमा गाडीको चाप धेरै हुन्छ । झन् बाहिर जिल्लाबाटसमेत गाडी आउन थालेपछि भीडभाड बढेको छ", हरमटारीचोकका व्यापारी भरत भट्ट भन्नुहुन्छ, "पोखरा, बैंसीसहर, दमौलीबाट आएका गाडी गोरखा बजारहुँदै हिँडेको देख्दा अनौठो पनि लागिरहेको छ ।" मुग्लिन नारायणगढको तुइनखोलामा पहिरो झरेपछि गत शुक्रबारदेखि सो सडकमा सवारी गुड्न अवरोध भइरहेको छ।

त य स त ै सोमबार राति जवाङखोलामा झरेको सुक्खा पहिरोले मुग्लिन मलेखु सडकखण्डमा मंगलबार बिहानैदेखि सवारीसाधन चल्न सकेका छैनन्।

## सिरहाको गोलबजारमा अपहरणपछि किशोरको हत्या

**रासस**
काठमाडौं, ७ असोज

सिरहाको गोलबजार नगरपालिका-१३ डंग्राहाबाट अपहरित किशोरको हत्या गरिएको अवस्थामा मंगलबार बिहान शव फेला परेको छ।

आइतबार राती अपहरणमा परेका स्थानीय १७ वर्षीय अभिषेक महतोको शव घरदेखि एक सय मिटर पूर्व आँप बगैचामा फेला परेको प्रहरीले जनाएको छ। आफ्नै ट्र्याक्टर चलाउँदै आएका अभिषेक आइतबार राती खाना खाएर घर नजिकैको चोकतर्फ घुम्न गएका थिए। त्यसपछि उनी घर फर्किएनन् । परिवारजनले रातभर गाउँछिमेकमा खोजतलास गरे पनि भेटिएनन्। सोमबार बिहान महतो परिवारको मोबाइलमा इमोबाट पाँच करोड फिरौती माग गरिएको जानकारीसहित इलाका प्रहरी कार्यालय गोलबजारमा अभिषेकको सकुशल उद्धारका लागि निवेदन दिएको थियो।

अपहरणकारी समूहले अभिषेकको आमाको मोबाइलको इमोमा छोरा जिउँदो चाहिएमा पाँच करोड फिरौती बुझाउन भनेको जानकारी समेत परिवारजनले प्रहरीलाई सोमबार नै दिएका थिए । इप्रका गोलबजारका प्रहरी निरीक्षक गोविन्द साहले भन्नुभयो, "घटनाबारे अनुसन्धान हुँदैछ। संलग्न पत्ता लगाइ कानुनी दायरामा ल्याइने छ ।" जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी धर्मेशकुमार यादवका अनुसार घटनाको अनुसन्धानका लागि कुकुर ल्याउने तयारी गरिएको छ।

चाडपर्व प्रति सम्मान गरौं ।
◆चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
◆मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
◆सभ्य, शिष्ट र मर्यादित रुपमा चाडपर्व मनाऔं,
◆असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
◆एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
◆अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
◆धर्म संस्कृति र परम्परालाई सम्मान गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

## कास्केली नागरिकलाई प्रहरीको अनुरोध

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज


प्रहरीले सूचना उपलब्ध गराउने व्यक्ति वा संस्थाको पूर्ण गोपनीयता राख्ने गरी अपिल गरेको छ।

जेनजी आन्दोलनको क्रममा गत भदौ २३ र २४ गते भएको आन्दोलनका क्रममा केही अपराधिक पृष्ठभूमिका व्यक्तिहरु घुसपैठ गरी जिल्ला अन्तर्गतका विभिन्न सुरक्षा निकाय, सरकारी तथा गैर-सरकारी संघ-संस्था, व्यवसायिक प्रतिष्ठान साथै व्यक्तिगत घर-सम्पत्तिमा आगजनी, तोडफोड, लुटपाट र विध्वंसात्मक कार्यमा संलग्न भएका कुनै पनि भिडियोहरु प्रहरी सामु पेश गर्न प्रहरीले आग्रह गरेको छ।

उक्त घटनासँग सम्बन्धित प्रमाणजन्य सामग्रीहरु-जस्तै सिसिटिभी फुटेज, भिडियो फुटेज, फोटो, भ्वाइस रेकर्ड आदि -निम्न ठेगानामा पठाई सहयोग गर्न अनुरोध गरिएको कास्की प्रहरीले जनाएको छ। ९८५६०३९५९९, ९८५६०३५५१२ उक्त मोवाइल नम्बरमा ह्वाट्सअफमा पठाउन समेत आग्रह गरिएको छ।

त्यसैगरी, आन्दोलनका क्रममा सुरक्षा निकायका हातहतियार, असबाब तथा अन्य सामग्रीहरुसहित लुटपाट गरिएका कुनै पनि वस्तुहरु लुकाई-छिपाई राखिएको जानकारी भएमा समेत प्रहरीलाई तत्काल जानकारी दिन आग्रह गरिएको छ।

प्रहरीले सूचना उपलब्ध गराउने व्यक्ति वा संस्थाको पूर्ण गोपनीयता कायम गरिने आश्वासन पनि दिएको छ।



# विद्युत् लाइन काटेर एक करोड बक्यौता सङ्कलन

पोखरापत्र संवाददाता
दमौली, ७ असोज

नेपाल विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्रले विद्युत् काटेर बक्यौता रकम सङ्कलन गरेको छ। केन्द्रले आर्थिक वर्ष २०८१/८२ मा विद्युत् काटेर रु एक करोड २७ लाख १५ हजार सात सय ८६ सङ्कलन गरेको हो।

उक्त अवधिमा एक हजार ५२ सेवाग्राहीको लाइन काटिएको थियो । सोमध्ये सात सय आठ जनाले बक्यौता भुक्तानी गरेपछि पुनः जोडिएको छ। सो अवधिभरिको रु ६६ लाख २७ हजार ३३१ बक्यौताबापतको रकम उठ्न बाँकी रहेको केन्द्र प्रमुख विजयराज रेग्मीले जानकारी दिनुभयो । आव २०८०/८१ मा एक हजार ४३६ जना सेवाग्राहीको लाइन काटेर रु दुई करोड ६८ लाख ४५ हजार ७०० सङ्कलन गरिएको केन्द्रले जनाएको छ । रेग्मीका अनुसार सो अवधिमा एक हजार २७३ सेवाग्राहीको लाइन पुनः जडान गरिएको थियो भने रु तीन करोड ५० लाख ५६ हजार ६७४ बक्यौता उठ्न बाँकी थियो। केन्द्रले आव २०८१/८२ मा पाँच करोड ३६ लाख ५१४ विद्युत् युनिट बिक्री गरेको छ। आव २०८०/८१ मा पाँच करोड ४० लाख ५९ हजार २१२ विद्युत् युनिट बिक्री भएको थियो। गत आवमा शून्य दशमलव ८४ प्रतिशतले कमी आएको हो । केन्द्रले विद्युत् बिक्री गरी आव २०८१/८२ मा रु ५९ करोड ५८ लाख ६९ हजार ४७९ रकम सङ्कलन गरेको केन्द्र प्रमुख रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार आव २०८०/८१ मा रु ५३ करोड ९४ लाख ३३ हजार ९३६ सङ्कलन भएको थियो।

चार्जिङ स्टेसनतर्फ १४ ग्राहक सङ्ख्या रहेकामा सात लाख एक हजार २८६ युनिट विद्युत् बिक्री भएको रेग्मीले बताउनुभयो । सोबापत रु ५३ लाख ३३ हजार ९२९ रकम बिक्री भई रु ५४ करोड ११ लाख ९२५ सङ्कलन भएको थियो। केन्द्रमा एक वर्षको अवधिमा दुई हजार ५०३ ग्राहक थपिएका छन् । थपिएकासहित जिल्लाभर कूल ५३ हजार भन्दा बढी सेवाग्राही पुगेका केन्द्र प्रमुख रेग्मीले जानकारी दिनुभयो।

उहाँका अनुसार घरेलुग्राहक दुई हजार २५६, व्यापारिक ३१, गैरव्यापारिक ३७, औद्योगिक ३७, यातायात (इभी) १०, खानेपानी ४१, सिँचाइ २६, धार्मिक तथा सांस्कृतिक १६, अस्थायी बत्ती १४ र सडक बत्ती ३५ गरी दुई हजार ५०३ सेवाग्राही सङ्ख्या थपिएको छ।

थपिएका सहित केन्द्रको कार्यक्षेत्रभित्र घरेलुग्राहक ५१ हजार ७५, व्यापारिक तीन सय ५५, गैरव्यापारिक पाँच सय ६७, औद्योगिक सात सय ८१, यातायात (इभी) ११, खानेपानी दुई सय ३२, सिँचाइ तीन सय ८२, धार्मिक तथा सांस्कृतिक दुई सय १९, अस्थायी बत्ती १६, सडक बत्ती दुई सय आठ, सामुदायिक एक र आन्तरिक १३ ग्राहक पुगेका केन्द्रले जनाएको छ।



कास्कीको लुम्लेमा देखिएको च्याङ्ग्राको बथानः
दसैँका लागि मुस्ताङबाट पोखरा ल्याउने क्रममा मङ्गलबार कास्कीको लुम्लेमा देखिएको च्याङ्ग्राको बथान । यतिबेला मुस्ताङलगायत हिमाली भेगबाट व्यापारी च्याङ्ग्राको व्यापार गर्न सहर झरेका छन् ।
तस्बिरः राम थापा/रासस

# युनाइटेड क्लब पोखराद्वारा पोखरा १० र १२ नम्बर वडालाई कम्प्युटर र प्रिन्टर प्रदान

पोखरापत्र संवाददाता
पोखरा, ७ असोज

युनाइटेड क्लब पोखराले पोखरा महानगरपालिका वडा नं १० र १२ लाई सहयोग स्वरुप कम्प्युटर र प्रिन्टर हस्तान्तरण गरेको छ।

जेन्जी आन्दोलनको क्रममा गत भदौ २४ गते आगलागीबाट वडा कार्यालयहरु पूर्ण रुपमा क्षती भइ जनताको काममा समेत अफ्ठ्यारो सिर्जना भएपछि युनाइटेड क्लबले आफ्नो विपद ब्यवस्थापन कोष अन्तर्गत पोखरा महानगरपालिका वडा नं १० र १२ लाई कम्प्युटर र प्रिन्टर हस्तान्तरण गरेको हो।

युनाइटेड क्लबले नेपालीहरुको महान पर्व तिहारको अवसरमा देउसी भैलो कार्यक्रमको आयोजना गरि स्थापना गरिएको विपद व्यवस्थापन कोष अन्तर्गत विपदका घटनाहरुमा सहयोग गर्दै आइहरको छ। जस अनुरुप मंगलबार पोखरा महानगरपालिका वडा नं १० का वडा अध्यक्ष राजेश गुरुङ लगायतका जनप्रतिनिधीहरुलाई युनाईटेड क्लबका अध्यक्ष लोक बहादुर थापा, निवर्तमान अध्यक्ष राजु श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष गणेश तिमिल्सिना, द्धितिय उपाध्यक्ष तथा विपद ब्यवस्थापन समिति संयोजक सूर्य बहादुर बानिँया, कोषाध्यक्ष जयराम आचार्य, सचिव सन्तोष कार्की, कार्यसमिति सदस्य पूर्ण कुमार श्रेष्ठ लगायतको टोलीले कम्प्युटर र प्रिन्टर हस्तान्तरण गरेको हो। सो अवसरमा वोल्दै पोखरा महानगरपालिका वडा नं १० का अध्यक्ष राजेश गुरुले सामाजिक काममा अग्रणी युनाइटेड क्लबले जेन्जी पुस्ताको आन्दोलनमा क्षती भएर वडाको काममा समस्या परिरहेको सन्दर्भमा युनाइटेड क्लबले कम्प्युटर र प्रिन्टर सहयोग गरेकोमा धन्यवाद ब्यक्त गरे। त्यसैगरी उक्त टोलीले पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यको प्रमुख आतिथ्यतामा पोखरा महानगरपालिका वडा नं १२ मा गठित वडास्तरीय पुननिर्माण मूल समितिका संयोजक टिका बहादुर कार्की, वडा नं १२ का वडा अध्यक्ष सन्तोष बास्तोला लगायतको टोलीलाई कम्प्युटर र प्रिन्टर हस्तान्तरण गरेको हो।



सो अवसरमा वोल्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पोखरा महानगरको मुख्य कार्यालय संगै बजार क्षेत्रका अधिकांश वडाहरु पूर्ण रुपमा क्षती भएको अवस्थामा हरेक वडाहरुले जस्तै वडा नं १२ ले समेत स्थानियको सहभागीतामा सहयोग संकलन गरी वडाको पुन निर्माणमा लागेकोमा स्थानीयहरुप्रति आभार प्रकट गरे।

महानगरले विभिन्न दातृ निकायहरुबाट सहयोग लिएर बिकासको काम अगाडी वढाइरहेको स्मरण गराउदै मेयर आचार्यले स्थानियहरुले पहिलो सेवा लिने कार्यालय आफ्नो वडा कार्यालय भएकाले त्यसको मर्मतका लागि स्थानियको मुख्य भुमिका रहने बताए । सहयोग गर्ने सम्पूर्ण संघ संस्थाहरुलाई समेत मेयर आचार्यले धन्यवाद ब्यक्त गर्दै जेन्जीको नाममा भएको भौतिक संरचनामा क्षती पुर्‍याउने जो कोहीलाई पनि कारबाही गर्नुपर्ने बताए। त्यस्तै वडास्तरीय पुननिर्माण मूल समितिका संयोजक टिका बहादुर कार्कीले गत २४ गते वडामा भएको क्षतीले आफुहरु निकै मर्माहित बनेको बताउदै आफ्नो वडा आफैले बनाउनुपर्छ भनेर वडा भित्रका संघ संस्था र सहयोगी मनहरुबाट हाल सम्म १० लाख नगद र जिन्सी सामाग्री कम्प्युटर र प्रिन्टर सहयोग प्राप्त भएको बताए । वडाको कामलाई सुचारु गर्नका लागि हालको रकमले पर्याप्त हुने या नहुने अहिलेनै यकिन नभएकाले भोलीका दिनमा अझैपनि सहयोग आवश्यक पर्न सक्ने बताउदै अफ्ठ्यारो परिस्थितीमा सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद ब्यक्त गरे । सो अवसरमा वोल्दै युनाइटेड क्लबका अध्यक्ष लोक बहादुर थापाले युनाइटेड क्लबले पोखरा महोत्सवको आयोजना गरि शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन प्रवर्द्धनमा काम गर्दै आइरहेको र तिहारको बेलामा देउसी भैलो कार्यक्रमको आयोजना गरि स्थापना गरको विपद ब्यवस्थापन कोष मार्फत विभिन्न विपदका घटनाहरुमा सहयोग गर्दै आइरहेको सन्दर्भमा जेन्जी आन्दोलनको क्रममा आगलागीबाट क्षती पुगेको वडाहरु पोखरा १० र १२ मा आवश्यक रहेको कम्प्युटर र प्रिन्टर सहयोग गरेको वताए।

त्यस्तै विपद ब्यवस्थापन समिति संयोजक तथा क्लबका द्धितिय उपाध्यक्ष सूर्य बहादुर बानियाँले विगतका वर्षहरुमा युनाइटेड क्लबले विपद ब्यवस्थापन कोष अन्तर्गत सहयोग गर्दै आइरहेको र यसपटक गत भदौ २४ गते जेन्जी आन्दोलनको क्रममा आगलागीबाट पूर्ण रुपमा क्षती पुगेको पोखरा महानगरका विभिन्न वडा तथा सरकारी कार्यालयहरुमा आवश्यक सामाग्री प्रदान गरिएको बताए।

# धवलागिरि आरोहण गर्न २४ जनाले अनुमति लिए

पोखरापत्र संवाददाता
म्याग्दी, ७ असोज

सन् २०२५ को चालु शरदयाममा म्याग्दीस्थित धवलागिरि हिमाल आरोहणका लागि २४ जनाले अनुमति लिएका छन् । विश्वको सातौँ (आठ हजार १६७ मिटर) अग्लो धवलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका-४ मा पर्दछ।

पर्यटन विभागका अनुसार धवलागिरि आरोहणको अनुमति लिएकाबाट रु ५० लाख ७१ हजार सलामी दस्तुर (शुल्क) प्राप्त भएको छ । शरदयाममा सगरमाथाबाहेक आठ हजार मिटर अग्ला हिमाल आरोहण गर्न चाहने विदेशीले प्रतिआरोही नौ सय डलर सलामी दस्तुर तिर्नुपर्छ।

अन्य साना हिमालका लागि न्यूनतम एक सय २५ देखि अधिकतम चार सयसम्म सलामी दस्तुर तिर्नुपर्ने व्यवस्था छ । विभागले पछिल्लोपटक सार्वजनिक गरेको तथ्याङ्कअनुसार गोरखामा रहेको (आठ हजार १६३ मिटर अग्लो) मनास्लु हिमाल आरोहणका लागि तीन सय ७४ जनाले अनुमति लिएका छन्।

शरदयामका आरोहीहरूको रोजाइमा मनास्लु हिमाल पर्ने गरेको छ । आरोहण अनुमति लिनेको सङ्ख्यामा धवलागिरि दोस्रो स्थानमा रहेको छ । आरोही, शेर्पा, पथप्रदर्शक, भरिया र सहयोगी आधार शिविर पुग्न थालेका इटली आधार शिविरका होटल व्यवसायीसमेत रहेका धवलागिरि-४ का वडासदस्य हरिप्रसाद तिलिजाले बताउनुभयो । यसपालि आरोहण टोली मुस्ताङको मार्फादेखि याकखर्क हुँदै आधार शिविरतर्फ गएका छन्। धवलागिरि गाउँपालिकाको मुदी बगर हुँदै जाने पदमार्ग बिग्रिएको, घुमाउरो र टाढा पर्ने भएकाले मुस्ताङको पदमार्ग प्रयोग गरेर गएका हुन्।



गत वसन्तयाममा दुई समूहका १५ जनाले आरोहण अनुमति लिएबापत रु ३६ लाख ९१ हजार राजस्व सङ्कलन भएको थियो। सन् २०२४ को शरदयाममा एउटा समूहका १४ पुरुष पर्वतारोहीले आरोहणको अनुमति लिएकामा रुसका पाँच जनाको हिउँपहिरोमा पुरिएर ज्यान गएको थियो । छिनछिनमा परिवर्तन हुने मौसम धवलागिरि आरोहणका लागि चुनौती बन्ने गर्छ।

अन्य हिमालको तुलनामा धवलागिरि आरोहणलाई जोखिमयुक्त र साहसिक मानिन्छ । सन् १९६० मे १३ मा अस्ट्रियाका कुर्ट डिम्बर्गरले पहिलोपटक धवलागिरि हिमालको सफल आरोहण गर्नुभएको थियो । डिम्बर्गरसहित पिटर डियनर, एर्न्स्ट फोरर, एल्बिन सेल्वर्ट, निमा दोर्ज र नवाङ दोर्ज पहिलोपटक धवलागिरिको चुचुरोमा पुग्नुभएको थियो।

# झण्डै ३५ सय मतदाताको नाम हटाइयो

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ७ असोज

जिल्ला निर्वाचन कार्यालय स्याङ्जाले झण्डै ३५ सय मतदाताको नाम हटाएको छ।

२०७९ सालमा भएको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनपछि निर्वाचन कार्यालयले मतदाता नामावली अद्यावधिक गरेपछि ३ हजार ४ सय ७८ जनाको नामावली हटाएको हो । मृत्यू, दोहोरो र नागरिकता त्याग गरेका आधारमा कार्यालयले मतदाता नामावलीबाट नाम हटाएको निर्वाचन कार्यालय स्याङ्जाका प्रमुख श्रीराम थापाले जानकारी दिए । प्रमुख थापाका अनुसार स्याङ्जामा ३ हजार १ सय ८३ जनाको मृत्यू भएका कारण मतदाता नामावलीबाट नाम हटाइएको बताए।

त्यस्तै दोहोरो नामावली भएका २ सय ८४ र नागरिकता परित्याग गर्ने ११ जनाको पनि मतदाता नामावलीबाट नाम हटाइएको छ । जसबाट २०७९ मंसिरमा भएको निर्वाचनपछि कार्यालयले अद्यावधिक गर्दा ३ हजार ४ सय ७८ मतदाता नामावलीबाट हटेका हुन् । सो अवधीमा स्याङ्जामा १ हजार ७ सय ८३ जना नयाँ मतदाता थपिएका छन् । यो तथ्याङ्क २०८२ को बैशाख मसान्त सम्मको हो।

२०७९ को मंसिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा स्याङ्जाबाट २ लाख ४४ हजार ८९ जना मतदानमा सहभागी भएको थिए । तर बैशाख मसान्त सम्म स्याङ्जामा २ लाख ४१ हजार ९ सय १० जना मतदाता रहेको निर्वाचन कार्यालयका प्रमुख थापाले बताए।

यो हिसाबले हेर्दा स्याङ्जाको मतदाता संख्या घटेको देखिन्छ। जसमा महिला १ लाख २३ हजार ६ सय ४२ र पुरुषको संख्या १ लाख १८ हजार २ सय ६७ अन्य १ जना रहेको छ। रुपन्देही लगायत केही क्षेत्रमा कार्तिकमा तोकिएको उपनिर्वाचनका लागि निर्वाचन आयोगले असार १६ गतेबाट मतदाता नामावली खिचाउन बन्द गरेको छ । आयोगले अन्तिम नामावली भदौ २५ गते प्रकाशन गर्ने तयारी गरिरहदा २३ र २४ गतेको जेनजीको आन्दोलनले सरकार नै फेरिएपछि स्थगित गरेको थियो । जसले गर्दा नयाँ निर्वाचन मिति समेत तोकिएको छ।

अन्तरिम सरकारले फागुन २१ गते निर्वाचनको मिति तोकेपछि धेरै मतदानबाट बन्चित हुने चर्चा समेत चल्न थालेको छ । मतदाता नामावलीमा नाम दर्ता नभएकाहरुका लागि के गर्ने भन्ने बिषय छलफलको क्रममा रहेको आयोगले जनाएको छ । मतदाता नामावाली ऐन २०७३ अनुसार निर्वाचन मिति घोषणा भइसकेपछि उक्त निर्वाचन प्रयोजनका लागि नाम दर्ता गरिने छैन भन्ने व्यवस्था रहेको छ।

तर कसैले नागरिकता बनाउँदा मतदाता नामावलीमा पनि नाम दर्ता गराएका छन् र उनी आउँदो निर्वाचनको अघिल्लो दिन अर्थात् फागुन २० गते १८ वर्ष पूरा हुन्छन् भने त्यस्ता व्यक्तिले पनि मतदान गर्न पाउने बताइएको छ। निर्वाचन आयोगले उपलब्ध गराएको २०८१ चैत ३१ सम्मको तथ्यांक अनुसार १ करोड ८१ लाख ४८ हजार ६ सय ५४ मतदाता रहेका छन्। जुन अघिल्लो प्रतिनिधिसभा निर्वाचनको भन्दा १ लाख ६० हजार ५४ ले बढी हो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# छानबिन आयोगले पाएको जिम्मेवारी

जेनजीले भदौ २३ र २४ गते भ्रष्टाचारीलाई कार्वाही, सुशासन र सामाजिक संजाल बन्द विरुद्ध गरेको शान्तिपूर्ण प्रदर्शनमा दमन र त्यसको विरुद्ध गरेको आन्दोलन विध्वंस हुन पुग्यो । अकल्पनीय जनधनको क्षति भयो । आन्दोलनले केपी शर्मा ओली नेतृत्वको सरकार विस्थापित भयो ।जेनजी आन्दोलनको माग सहित प्रतिनिधिसभाको निर्वाचन गर्ने कार्यादेशसहित मुलुकमा अन्तरिम सरकार बन्यो । सरकारले जेनजी प्रदर्शनको छानबिनका लागि उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन गरेको छ । असोज ५ गते आइतबार बसेको मन्त्रीपरिषद् बैठकले विशेष अदालतका पूर्वअध्यक्ष एवं पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा तीन सदस्यीय अयोग गठन गरेको छ ।

आयोगको सदस्यमा नेपाल प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक विज्ञानराज शर्मा र कानुनका विज्ञ विश्वेश्वरप्रसाद भण्डारी रहनेछन। आयोगको कार्य अवधि तीन महिना तोकिएको छ। आन्दोलनका क्रममा ७४ जनाको ज्यान गयो । देशभर दुई हजारभन्दा बढी घाइते भए । सरकारी, निजी, सार्वजनिक सम्पत्तिमा व्यापक आगजनी, तोडफोड र लुटपाट भयो । देशभर सरकारी संरचना, निजी सम्पत्ति, व्यापारिक प्रतिष्ठानलगायतमा आगजनी र तोडफोड इतिहासमै अकल्पनीय छ। आयोगले सबैकुरामा गहिरो अनुसन्धान हुने विश्वास नेपाली जनताले गरेका छन ।

यति ठूलो विध्वंस र दमनको छानबिन आयोग गठन हुने गरेको छ। घटनाबारे जाँचबुझ गरी तथ्य र प्रमाण सङ्कलन गर्न यस्ता आयोग बन्छन् । विशेष गरी राजनीतिक परिवर्तनपछि यस्ता आयोग बन्ने गरेका छन् । राजनीतिक संलग्नता जोडिएका घटनामा राज्यको नियमित संयन्त्रले अनुसन्धान गर्न सम्भव हुँदैन । त्यसैले यस्ता उच्चस्तरीय आयोग आवश्यक हुन्छ । नेपालमा विगतमा पनि यस्ता आयोग गठन भएका छन् । शान्तिपूर्ण आन्दोलनमा दमन गर्ने र आन्दोलनका नाममा विध्वंस गर्ने सबैले कानुनको कठघरामा उभिनु पर्छ भन्ने मान्यताका साथ आयोग गठन गरिन्छ । जाँचबुझ आयोग ऐन २०२६ ले आयोग गठन गर्ने कानुनी आधार दिएको छ ।

सामान्यतः पूर्वन्यायाधीशको नेतृत्वमा यस्ता उच्चस्तरीय आयोग बन्ने प्रचलन देखिन्छ। २०४६ सालको राजनीतिक परिवर्तनपछि जनआन्दोलनमा भएको दमनबारे जाँचबुझ गर्न पूर्वन्यायाधीश जनार्दनलाल मल्लिकको नेतृत्वमा आयोग गठन भएको थियो । मल्लिक आयोगका रूपमा चर्चित त्यस आयोगले प्रतिवदेन दिए पनि त्यसको कार्यान्वयन नगरिएको तितो अनुभव छ । त्यस्तै २०६२/६३ सालको जनआन्दोलनपछि पनि आयोग बन्यो । सर्वोच्च अदालतका पूर्वन्यायाधीश कृष्णजङ्ग रायमाझीको नेतृत्वमा आयोग बनेर प्रतिवेदन तयार गरी सरकारलाई बुझाइयो तर कार्यान्वयनमा आएन ।

मधेश आन्दोलनमा पनि ठुलो जनधनको क्षति भयो । दमनबारे अध्ययन गर्न पूर्वन्यायाधीश गिरीशचन्द्र लालको नेतृत्वमा आयोग बन्यो । राजनीतिक आन्दोलन तथा परिवर्तनका क्रममा दमनका साथै अन्य परिघटनामा पनि बेला बेलामा आयोग बन्ने गरेका छन् । आयोगले असाध्यै मेहनत गरेर प्रतिवेदन तयार पनि गरेका हुन्छन् । तथ्य र प्रमाण सङ्कलन गरेका हुन्छन् तर आयोगका प्रतिवेदन भने कार्यान्वयन भएको बिरलै मात्र पाइन्छ । आयोग आफैँले कानुनी कारबाही गर्ने होइन, प्रतिवेदनमार्फत सिफारिस गर्ने हो । सरकारले कार्यान्वयनमा अग्रसरता देखाउनुपर्ने हुन्छ । यो पटकको कार्की आयोगका सामुन्ने ठुलो दायित्व छ । दुई दिनकै आन्दोलनमा ७४ जनाको ज्यान गएको पहिलो ऐतिहासिक दुःखद घटना हो ।

अझ नेपालमा अनेक राजनीतिक परिवर्तनका घटनामा यो हदको भौतिक क्षति कहिल्यै भएको थिएन । राज्यका तिनै अङ्ग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको भौतिक पूर्वाधार नष्ट गरियो । आगजनी गरियो, कागजपत्र, मिसिल, अभिलेख बाँकी छैनन् । निजी क्षेत्रका कैयौँ औद्योगिक प्रतिष्ठान तहसनहस पारियो । निजी क्षेत्रमा मात्र ८० अर्ब रुपियाँभन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान छ । व्यक्तिको निजी धनसम्पत्तिमा अतिक्रमण भयो । लुटपाट र कुटपिटका अनेकौँ बर्बर घटना भए । सुरक्षाकर्मीका आवास, जीवन, हातहतियारप्रतिको अतिक्रमणले यो आन्दोलनबाट भएको क्षति अकल्पनीय छ । आयोगले अब कठिन मेहनत गरेर काम गर्नुपर्ने छ । सामाजिक सञ्जालमा आएका भिडियो फुटेजले कतिपय दमनको प्रमाण दिइरहेको छ । विध्वंस मच्चाएका कतिपय भिडियो सुरक्षा निकायमा पुगिसकेका छन् । आयोगले मेहनत गर्नुपर्ने छ र त्यसमा सबैको सहयोग चाहिन्छ ।नेपालको अस्तित्व संकटमा पार्ने गरि भएको विध्वंस र राज्यको हरेक क्षेत्रमा भएको घुसपैठका बारेमा उठेका हरेक विषयमा गहन छानबिन हुन सकेमा नेपाली जनतामा देशभक्ति भावना जागृत गराउन सक्नेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# दुलेकका च्याङ्ग्रा सहरमा

**रासस**
गण्डकी, ७ भाद्र

कास्कीको लुम्ले हुँदै बथान-बथानका च्याङ्ग्रा मङ्गलबार पर्यटकीय सहर पोखरा झर्दै थिए । पोखरा-बागलुङ राजमार्गमा सवारीसाधन नै रोकिने गरी च्याङ्ग्राको लामो ताँती देखिन्थ्यो । व्यापारीहरू साइसाइ सुइसुइ गर्दै च्याङ्ग्रालाई हिँडाइरहेका थिए । च्याङ्ग्राको बथानले दसैँको छनक दिएको थियो । चाडबाडका लागि हिमालपारिको जिल्ला मुस्ताङदेखि च्याङ्ग्रा पोखरा झारिएको हो ।

यहाँ नवरात्र सुरु हुनुपूर्व नै च्याङ्ग्रा भित्रन सुरु गरेका थिए । पोखरामा बर्सेनि दसैँमा हजारौँ च्याङ्ग्राको खरिदबिक्री हुने गर्छ । व्यापारीले मुस्ताङदेखि ल्याएका च्याङ्ग्रालाई पोखराको सिमपानी क्षेत्रमा केन्द्रित गरी बिक्री सुरु गर्छन् । विशेष गरी दसैँको घटस्थापनादेखि च्याङ्ग्राको किनमेल बढी हुने गरेको छ । दसैँका बेला पोखरा, बागलुङलगायत यहाँका सहरी क्षेत्रमा मुस्ताङ, डोल्पालगायत हिमाली भेगबाट च्याङ्ग्रा, भेँडा र चेलु ल्याउने गरिन्छ । दसैँलाई च्याङ्ग्रा लिन अधिकांश व्यापारीहरू हिमालपारिको जिल्ला मुस्ताङ पुग्छन् । हप्तौँ समय र उस्तै खर्च लगाएर च्याङ्ग्रा ल्याउँछन् । व्यवसायी महेन्द्र केसी र ज्ञानबहादुर कार्की मिलेर यसपालि ५९ वटा च्याङ्ग्रा बागलुङ झारेका छन् ।

मुस्ताङको जोमसोम पुगेर च्याङ्ग्रा ल्याएको केसीले बताउनुभयो । रोज्जा च्याङ्ग्रालाई मुस्ताङमै रु ३८ हजार पाँच सय तिरेकाले बागलुङ ल्याएर बेच्दा रु ४५ हजार पुगेको उहाँको भनाइ छ । "रोज्जा च्याङ्ग्रा रु ४५ हजार र चेलु रु ४० हजारमा बिक्री भइरहेको छ", केसीले भन्नुभयो, "पसलबाट बेच्दा च्याङ्ग्राको प्रतिकिलो रु २२ सय र चेलुको रु १८ सय मूल्य पर्छ ।" केसीले दसैँका बेला बागलुङ नगरपालिका-२ मा रहेको 'नवदुर्गा मासु पसल'बाटसमेत च्याङ्ग्राको मासु बेच्दै आउनुभएको छ ।

दशैँमा च्याङ्ग्राको मासुको अत्यधिक माग हुन थालेपछि आफैँले च्याङ्ग्रा ल्याएर बेच्न थालेको उहाँले बताउनुभयो । केसीले च्याङ्ग्राको कारोबार गर्न थालेको एक दशक बितिसकेको छ । बागलुङमा पहिलेको तुलनामा च्याङ्ग्रा कम भित्रने गरेको उहाँको अनुभव छ । "एउटै दसैँमा दुई हजारसम्म च्याङ्ग्रा आउने गर्थे, अहिले च्याङ्ग्राको मूल्य बढेपछि व्यवसायीहरू पनि कारोबार गर्न अनिच्छुक देखिएका छन्", केसीले भन्नुभयो । कोभिड-१९ महामारीपछि झण्डै दोब्बरले च्याङ्ग्राको मूल्य बढेको व्यवसायी बताउँछन् । च्याङ्ग्रापालन कम हुनु, बढ्दो करजस्ता कारणले पनि मूल्य महँगिँदै गएको उनीहरूको भनाइ छ । स्थानीय तहसहित ठाउँठाउँमा दस्तुर र कर तिर्नुपर्दा थप मर्का पर्ने गरेको व्यापारीको गुनासो छ । मुस्ताङको जोमसोम, कागबेनी, चमरलगायत ठाउँमा पुगेर व्यवसायीले च्याङ्ग्रा ल्याउने गरेका छन् । त्यहाँबाट म्याग्दी, बागलुङ, पर्वत हुँदै पोखरा ल्याइपुऱ्याउन हप्ता दिनसम्म लाग्छ । मुस्ताङी च्याङ्ग्रा पोखरा हुँदै काठमाडौँसम्म पुग्ने गरेको छ । मुस्ताङका युवा व्यवसायी निरज थकालीले मङ्गलबार म्याग्दीको बैसरीबाट दस वटा ट्रकमा काठमाडौँ र दुई वटा ट्रकमा च्याङ्ग्रा पोखरा ल्याउन लागिएको बताउनुभयो । एउटा ट्रकमा ८० देखि ९० वटासम्म च्याङ्ग्रा अट्ने उहाँको भनाइ छ । व्यवसायी थकालीले आफूले ल्याएका दुई सय च्याङ्ग्रामध्ये एक सय पोखरा र एक सय काठमाडौँ पठाउन लागेको बताउनुभयो । "यस वर्ष पोखरामा झण्डै दस हजार र काठमाडौँमा पाँच हजार मुस्ताङी च्याङ्ग्रा पुग्दैछ", उहाँले भन्नुभयो, "कतिपय व्यापारी च्याङ्ग्रा लिएर फर्किसके र कोही बाटोमै छन्, यस वर्ष मुस्ताङबाट १५ हजार बढी च्याङ्ग्रा बाहिरिने अनुमान छ ।"

मुस्ताङदेखि बागलुङ, पोखरा हुँदै काठमाडौँसम्म ट्रकमा च्याङ्ग्रा लाने गरिएपनि केही व्यापारीले भने हिँडाएर पोखरासम्म ल्याउने गरेका छन् । मासुजन्य अरु परिकार बाह्रैमास पाइने भएपनि च्याङ्ग्राका लागि भने उपभोक्ताले दसैं नै कुनुपर्छ । दसैँका बेला च्याङ्ग्राको मासु उपभोक्ताको रोजाइमा पर्ने गरेको छ । हिमाली हावापानीमा जडीबुटी खाएर हुर्केको हुनाले च्याङ्ग्रा स्वादिष्ट र स्वस्थकर मानिन्छ ।

# जेनजी प्रदर्शन: २२ अर्ब २५ करोड बराबरको बिमा दाबी

**रासस**
काठमाडौँ, ७ भाद्र

जेनजी पुस्ताको प्रदर्शनका क्रममा भएका क्षतिको रु २२ अर्ब २५ करोड ६५ लाख बराबर बिमा दाबी पुगेको छ ।

नेपाल बिमा प्राधिकरणका अनुसार बिमा दाबी सबैभन्दा बढी बागमती प्रदेशमा रहेको छ । सो प्रदेशमा रु १७ अर्ब ९७ करोड ७२ लाख बराबरको बिमा दाबी परेको छ । कूल एक हजार ३४३ वटा दाबीको आवेदन परेको प्राधिकरणले जनाएको छ । माइक्रो इन्स्योरेन्स कम्पनीसहित कूल १८ वटा बिमा कम्पनीमा दुई हजार ४७८ वटा दाबीको आवेदन परेका प्राधिकरणले जनाएको छ । गत भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा सरकारी तथा निजी सम्पत्तिमा आगजनी, तोडफोडलगायत घटना भएका थिए । प्राधिकरणले निजी सम्पत्तिमा भएको आगजनी र तोडफोडका सम्बन्धमा बिमा दाबी भएको स्पष्ट पारेको छ ।

ठूलो मात्रामा भौतिक सम्पत्तिको क्षति भएकाले दाबीको मात्रा अझै बढ्न सक्ने देखिएको छ । प्राधिकरणले उपलब्ध गराएको विवरण अनुसार ओरियन्टल इन्स्योरेन्स कम्पनीमा मात्रै रु पाँच अर्ब २२ करोड ९८ लाख बराबरको दाबीको आवेदन परेको छ । यस्तै, सिद्धार्थ इन्स्योरेन्समा रु पाँच अर्ब आठ करोड २८ लाख बराबरको आवेदन प्राप्त भएको छ ।

सम्पत्ति बिमाको पाँच सय ३८, मोटर बिमा एक हजार सात सय ७८, इञ्जिनियरिङ तथा ठेकेदार जोखिमका एक सय ३२, परिवहन बिमा ११ र अन्यमा १९ वटा आवेदन प्राप्त भएका छन् । प्रदेशगत आधारमा कोशी तीन सय २२, मधेश दुई सय ४६, बागमती एक हजार ३४३, गण्डकी एक सय ८४, लुम्बिनी दुई सय दुई, कर्णाली २२ र सुदूरपश्चिम प्रदेश एक सय ५९ वटा बिमा दाबी परेका प्राधिकरणले जनाएको छ ।

# बेनीमा कपडा बैंक सञ्चालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ असोज

म्याग्दीको बेनी नगरपालिका-७ को कार्यालयमा कपडा बैङ्क स्थापना भएको छ । घरमा प्रयोग नभएका लत्ताकपडा सङ्कलन गरी खरिद गर्न नसक्ने गरिब विपन्नलाई निःशुल्क उपलब्ध गराउने उद्देश्यले कपडा बैङ्क स्थापना गरिएको हो ।

बैङ्कबाट गरिब तथा अतिविपन्न परिवार, प्राकृतिक विपत्तिमा परेका, बेवारिसे अवस्थामा भेटिएकालाई दसैँ, तिहारलगायत चाडपर्वको समयमा कपडा उपलब्ध गराउने बेनी नगरपालिका-७ का वडा सदस्य विश्वास श्रेष्ठले बताउनुभयो । लायन्स र लियो क्लब अफ बेनी लभ्लिहिलका प्रतिनिधिहरूले सोमबार बेनीमा घरदैलो गरेर बैङ्कका लागि आवश्यक पर्ने कपडा सङ्कलन गरेर वडा कार्यालयलाई उपलब्ध गराएका छन् । पहिलो दिन दुईवटा बोलेरो गाडीमा अटाउने कपडा सङ्कलन भएको लायन्स क्लब अफ बेनी लभ्लिहिलका अध्यक्ष ओमप्रकाश शर्माले बताउनुभयो । "घरदैलोका क्रममा बजारवासीहरूले प्रयोगमा नभएका लगाउन योग्य तथा फेन्सी व्यवसायीहरूले नयाँ कपडा पनि उपलब्ध गराउनुभएको छ," उहाँले भन्नुभयो, "चाडपर्वको समयमा गरिब विपन्नलाई न्याम्रो नहोस् भनेर थप कपडा जुटाएर एक/दुई दिनमा वितरण गर्छौं ।" आवश्यक पर्नेले वडा कार्यालयमा आएर आफूखुसी रोजेर लुगा लैजान पाउनेछन् । वडामा लैजानेको विवरण राखिए पनि गोप्य हुन्छ । म्याग्दी जिल्लाभित्र तथा आवश्यक परेमा बाहिरी जिल्लाका असहाय, अशक्त तथा अर्थावस्था न्यून भएका व्यक्तिलाई मौसमअनुसार कपडा उपलब्ध गराउने वडा कार्यालयले जनाएको छ ।

प्रयोग गरिसकेको वा प्रयोगविहीन अवस्थामा रहे पनि सफा र प्रयोग गर्न मिल्ने कपडा बजारवासीले उपलब्ध गराएका छन् । जाडो मौसम नजिकिँदै गर्दा विपन्न समुदायका मानिसले न्यानो कपडा अभावमा कष्ट व्यहोर्नु नपरोस् भन्ने उद्देश्य पनि कपडा बैङ्क स्थापना गर्नु रहेको छ ।

# दर्शन सहकारीको १५ औं साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असोज



दर्शन सहकारी तथा ऋण संस्था लिमिटेड पोखराको १५ औंसाधारण सभा सोमबार सम्पन्न भएको छ ।

सभाले आर्थिक वर्ष ०८१/०८२ असार मसान्त सम्मको संस्थाको आर्थिक गतिविधि लेखापरिक्षण प्रतिवेदन सर्वसम्मतले पास गरेको हो । सहकारीका जेष्ठ शेयर सदस्य पदम बहादुर सिंहले सहकारी गौरब लाग्दो र राम्रो सहकारी बनाएर सेवा प्रदान गर्न आवश्यक रहेको बताउदैं कार्यसमितिलाई आ-आफ्नो जिम्मेवारी बहन गर्न अनुरोध गर्नुभयो । सिंहले सहकारीलाई सक्षम बनाउन सन्चित कोष रकम बढि जम्मा गर्नु पर्ने बताउदै सहकारीलाई राज्यले समेत महत्वपूर्ण रुपमा लिएका हुँदा यसलाई सकारात्मक ढंगले सबैले सहयोग गर्नुपर्ने जोड दिनुभयो । ठकुरी महासघंका केन्द्रिय अध्यक्ष तथा दर्शन सहकारी सस्थापक अध्यक्ष खिम बहादुर शाहिले ठकुरीले छरिएर रहेको पुजिलाई एकिकृत गर्दै लैजाने सोचले सहकारीको स्थापना गरिएको बताउदै जनतामा आर्थिक जागरण ल्याउने काम गरेको बताउनुभयो । कार्यक्रममा ठकुरी संगम परिवार कास्कीका अध्यक्ष याम बहादुर हमालले सहकारीले समाजमा उल्लेख्य योगदान गरेको भएता पनि केही सहकारीले नियतवस वदमासी गरेको हुनाले सदस्यहरुले सहकारीलाई छानेर विश्वासिलो संस्थामा मात्र कारोवार गर्नु पर्ने कुरामा जोड दिदै आफ्नो सहकारीका शेयर सदस्यहरुले सस्थाकाका बारेमा जानकारी लिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा सहकारीका शेयर सदस्यका छोराछोरी १२ दिएका यस वर्ष उत्कृष्ट नतिजा ल्याउने युसिव हमाल , राज सेन, मनिका सिंह, काजल खाण र जेनिश मल्ललाई सम्मान गरेका थिए । त्यसैगरी जेष्ठ शेयर सदस्यहरु लक्ष्मण सिंह र नेत्र बहादुर शाही , असल सहकारी अभ्यासकर्ता शोभा कुमारी मल्ल, सीता शाही र सम्झना हमाल लगाएतलाई सम्मान गरेका थिए ।

दर्शन सहकारी संस्थाका अध्यक्ष राजाराम शाहीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष लक्ष्मण मल्ल र सचिव ज्योती हमालले सञ्चालन गर्नु भएको थियो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



**जन्मः**
**वि.सं. १९८९ पौष १५ गते**

**स्वर्गारोहणः**
**वि.स. २०८२ असोज ३ गते**

**स्व. राजेन्द्र बाटाजू**

यस श्री बाल गोपाल भजन कृतन सेवा समितिका शुभचिन्तक तथा साधारण सदस्य मोहन बाटाजू र रविन्द्र बाटाजूका पुजनीय पिता **राजेन्द्र बाटाजू** को ९३ वर्षको उमेरमा भएको असमायीक स्वर्गारोहणले हामी अति मर्माहत भएका छौं । यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गावासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**माधव नारायण श्रेष्ठ**
**अध्यक्ष एवम्**
**श्री बाल गोपाल भजन कृतन सेवा समिति परिवार**
**पोखरा-१३, गौडाकोमुख**

ARYA PHARMALAB PVT. LTD.

# आर्या फर्माल्याब प्रा. लि.

कमलादी रोड, काठमाडौं

## बजार दररेट तथा अधिकतम् बिक्री मूल्य निर्धारण सम्बन्धी सूचना

यस आर्या फर्माल्याब प्रा. लि. बाट उत्पादित औषधिहरुको निम्नानुसारको बजार दररेट तथा अधिकतम् बिक्री मूल्य निधारण गरी यो दररेट राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएको छ। यदि यी औषधिहरु कुनै संघसंस्था वा नेपाल सरकार अन्तरगतका कार्यालयहरुले खरिद गर्नुपरेमा आ. व. ०८२/०८३ मा यस कम्पनीको आधिकारिक बिक्रेता जैसवाल फर्मेसी, वीरगञ्जसँग खरिद गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| S.N. | NAME OF PRODUCTS | Genric Name | Pack | Per Unit MRP |
|---|---|---|---|---|
| 1 | ARMYCIN CREAM 10GM | GENTAMICIN SULPHATE - 2MG/gm | 10gm | 75.00 |
| 2 | ARNOVATE-S OINTMENT 10GM | BETAMETHASONE DEPROPIONATE-0.64%w/w+SALICYLIC ACID-3.0%w/w | 10gm | 120.00 |
| 3 | ARYADINE 10% OINTMENT 15GM | Povidone Iodine-10% W/W | 15gm | 120.00 |
| 4 | ARYADINE 10% OINTMENT 30GM | Povidone Iodine-10% W/W | 30gm | 210.00 |
| 5 | ARYADINE 5% OINTMENT 15GM | POVIDONE-IODINE -5% W/W | 15gm | 95.00 |
| 6 | BENLIC OINTMENT 30G | BENZOIC ACID -6%w/w +SALICYLICACID-3%w/w | 30gm | 65.00 |
| 7 | CLODIP CREAM 15GM | CLOBETASOL PROPIONATE-0.05%w/w | 15gm | 100.00 |
| 8 | CLODIP CREAM 30GM | CLOBETASOL PROPIONATE-0.05%w/w | 30gm | 135.00 |
| 9 | DERMITOP CREAM 5GM | " EACH GM CONTAINS:BETAMETHASONE VELERATE 0.610MG+GENTA. 1MG +TOLNAFTATE 10MG+IODOCHLOROHYDROXYQUINOLONE 10MG " | 5gm | 90.00 |
| 10 | DICLOARFEN GEL 30GM | DICLOFENAC DIETHYLAMINE-1.16%W/W | 30gm | 120.00 |
| 11 | GENTBECLOCOT CREAM 15GM | BECLO-0.025%w/w+GENTA-0.1%w/w+CLOTRIMAZOLE-1%w/w | 15gm | 135.00 |
| 12 | INFLA GEL 30GM | " DICLOFENAC DIETHYLAMINE 1.16%w/w +METHYL SALICYLATE 10%w/w+ OLIUM LINI 3%w/w+MENTHOL 5%w/w " | 30gm | 160.00 |
| 13 | INVIR CREAM 5GM | ACYCLOVIR 5% W/W | 5gm | 80.00 |
| 14 | ITCH AID CREAM 15GM | CLOTRIMAZOLE - 10MG/GM | 15gm | 110.00 |
| 15 | MUPIR OINTMENT 10GM | Mupirocin-2% W/W | 10gm | 250.00 |
| 16 | MUPIR OINTMENT 5GM | MUPIROCIN-2%W/W | 5gm | 145.00 |
| 17 | POLXIN-NZ OINT. 15GM | POLYMYXIN-B SULPHATE 5000 UNITES +NEOMYCIN SULPHATE 3400 UNITES +BACITRACIN ZINC 400 UNITES | 15gm | 130.00 |
| 18 | POLXIN-NZ OINT. 5GM | | 5gm | 70.00 |
| 19 | SILVER CHLOR CREAM 10GM | " SILVER SULPHADIAZINE-1%w/w+ CHLORHEXIDINE GLUCONATE-0.20%w/w " | 10gm | 65.00 |
| 20 | ACTICET TABLET | IBUPROFEN -400MG+PARACETAMOL-325MG | 25x10 | 2.00 |
| 21 | AEROLIN 4MG TAB | Salbutamol-4mg | 50x10 | 2.00 |
| 22 | ANTIKOF TABLET | " DEXTROMETHORPHAN HYDROBROMIDE 30MG +TRIPROLIDINE HCL 5MG+ PHENYLEPHERINE HCL 10MG " | 50x10 | 7.50 |
| 23 | ARCETRIN TABLET 10 MG | CETRIZINE DIHYDROCHLORIDE-10MG | 50x10 | 3.50 |
| 24 | ARCID TAB | " Aluminium Hydroxide 250mg+ Magnesium Hydroxide 250mg " | 20x3x9 | 2.22 |
| 25 | ARCLOX-500MG CAPSULE | CLOXACILLIN -500MG | 10x10 | 13.50 |
| 26 | ARFLOX 200 MG TABLET | OFLOXACIN-200MG | 25x10 | 8.00 |
| 27 | ARFOLIC-5 TABLET | FOLIC ACID - 5 MG | 50x10 | 3.00 |
| 28 | ARMETRO-400MG TABLET | METRONIDAZOLE-400MG | 20x10 | 4.00 |
| 29 | ARNIMES TABLET 100MG | NIMESULIDE-100MG | 50x10 | 3.00 |
| 30 | ARYAMOL TABLET | PARACETAMOL - 500MG | 50x10 | 1.00 |
| 31 | ARZOLE-150 CAPSULE | FLUCONAZOLE - 150MG | 30x1 | 24.00 |
| 32 | BUSTOP FORTE CAPSULE | VITAMIN-B COMPLEX WITH VITMIN-C | 10x10 | 6.00 |
| 33 | CIPRO-500 APL TABLET | CIPROFLOXACIN -500MG | 20x10 | 8.00 |
| 34 | DEVOXIN 10MG TABLET | DOMPERIDONE MALEATE - 10MG | 20x10 | 6.00 |
| 35 | DFX-400 TABLET | DOXOFYLLINE-400MG | 10x10 | 8.00 |
| 36 | DIARLOCK FORTE TABLET | METRONIDAZOLE- 400MG+D.F.-500MG | 25x10 | 8.00 |
| 37 | DICALCI 500 TABLET | CALCIUM-500MG+VITAMIN D3-250 IU | 25x10 | 6.50 |
| 38 | DICLOARFEN TABLET 50MG | DICLOFENAC SODIUM-50MG | 20x10 | 3.50 |
| 39 | FLUCLASS 500MG CAP | Flucloxacillin Sodium 500 mg | 10x10 | 22.00 |
| 40 | HYZAC 10MG TAB | Hyoscine Butylbromide 10Mg | 10x10 | 15.00 |
| 41 | HYZAC 20MG TAB | Hyoscine Butylbromide 20Mg | 10x10 | 28.00 |
| 42 | INDOLAR 25MG CAPS | INDOMETHACIN 25MG CAPS | 20x10 | 4.50 |
| 43 | INDOLAR 50MG CAPS | INDOMETHACIN 50MG CAPS | 20x10 | 8.00 |
| 44 | LEVERIX-5 TAB | LEVOCETIRIZINE HCL-5MG | 50x10 | 6.00 |
| 45 | OMCID-20 CAPS | OMEPRAZOLE-20MG | 10x10 | 4.00 |
| 46 | PANTA FAST 40 TABLET | PANTOPRAZOLE-40MG | 20x10 | 8.00 |
| 47 | RABIN-20 CAPS | RABEPRAZOLE SODIUM-20MG | 10x10 | 12.00 |
| 48 | SCURVIT TABLET | ASCORBIC ACID 500MG (VITAMINE-C) | 10x10 | 7.00 |
| 49 | SET TABLET | PARACETAMOL 500MG +CHLORPHENIRAMINE MALEATE 4MG+PHENYLEPHRINE HCl 7.5mg | 50x10 | 3.00 |
| 50 | SPASPAIN TABLET | DICYCLOMINE HCL-20MG | 50x10 | 4.00 |
| 51 | SUPRAMOX CAPS 250MG | AMOXICILLIN-250MG | 10x10 | 5.00 |
| 52 | SUPRAMOX CAPS 500 MG | AMOXICILLIN -500MG | 20x10 | 8.00 |
| 53 | SYNTRAN 200MG CAP | Itraconazole Pellets 200mg | 10x10 | 75.00 |
| 54 | TINIC CAPSULE | " IRON+ZINC+FOLIC ACID+VITAMIN B6 +VITAMIN B12 " | 20x10 | 8.00 |
| 55 | TINIDAL - 500 TABLET | TINIDAZOLE - 500MG | 20x10 | 5.00 |
| 56 | UTICEF- 100DT TABLET | CEFIXIME 100MG | 10x10 | 18.00 |
| 57 | UTICEF- 200 TABLET | CEFIXIME 200MG | 10x10 | 20.00 |
| 58 | UTICEF-400 TAB | CEFIXIME 400MG | 5x10 | 50.00 |
| 59 | VITAZINC CAPS | VITAMIN B-COMPLEX+ZINC | 10x10 | 6.67 |
| 60 | VITCOBIN 1500 TAB | Methylcobalamin 1500mcg | 20x10 | 20.00 |
| 61 | VITCOBIN 500 TAB | Methylcobalamin 500mcg | 20x10 | 10.00 |
| 62 | VOMINE TABLET | PROMETHAZINE HCL-25MG | 20x10 | 5.00 |
| 63 | WIN-Z 250 TABLET | AZITHROMYCIN-250MG | 20x6 | 17.45 |
| 64 | WIN-Z 500 TABLET | AZITHROMYCIN-500MG | 30x3 | 30.00 |
| 65 | WORMEX TABLET | ALBENDAZOLE-400 MG | 100x1 | 10.00 |
| 66 | ZEDOXY CAPSULE 100MG | DOXYCYCLINE-100 MG | 20x10 | 7.00 |
| 67 | ZITOP 10MG DT | Zinc-10Mg | 50x10 | 3.00 |
| 68 | ZITOP 20MG DT | Zinc-20Mg | 50x10 | 4.00 |
| 69 | HISTAFEN 180 TAB-2x10x10 | Fexofenadine Hydrochloride 180mg | 2x10x10 | 16.50 |
| 70 | HISTAFEN-120 TAB-2x10x10 | Fexofenadine Hydrochloride 120mg | 2x10x10 | 13.50 |
| 71 | HQWIN 200 TABLET | Hydroxychloroquine Sulphate USP 200MG | 10x5x10 | 13.00 |
| 72 | LEVOKAST TABLET-20x10 | LEVOCETIRIZINE HCL IP 5MG +MONTELUKAST SODIUM IP 10MG | 20x10 | 19.00 |
| 73 | MONTANA TABLET-2x10x10 | MONTELUKAST SODIUM IP 10MG | 2x10x10 | 19.00 |
| 74 | URSETOR 300 TAB-10x10 | Ursodeoxycholic Acid 300mg | 10x10 | 45.00 |
| 75 | INVIR 400 TABLET-10x10 | ACYCLOVIR IP 400MG | 10x10 | 20.00 |
| 76 | SUPRAMOX CV 625-10x10 | AMOXYCILLIN 500MG+CLAVULANIC ACID 125MG | 10x10 | 38.00 |
| 77 | ACLOPECT-100 TABLET-20x10 | ACECLOFENAC 100MG | 2x10x10 | 6.50 |
| 78 | ETOAID-120 TABLET-20x10 | Etoricoxib Tablet IP 120mg | 20x10 | 20.00 |
| 79 | ETOAID-60 TABLET-20x10 | Etoricoxib Tablet IP 60mg | 20x10 | 13.20 |
| 80 | ETOAID-90 TABLET-20x10 | Etoricoxib Tablet IP 90mg | 10x2x10 | 18.00 |
| 81 | SUPRAMOX DROPS 10ML | AMOXICILLIN -100MG/ML | 10ml | 65.00 |
| 82 | SUPRAMOX DRY SYRUP 60ML | AMOXICILLIN-125MG/5ML | 60ml | 95.00 |
| 83 | UTICEF DS 60M 100MG | CEFIXIME-100mg/5ml | 60ml | 180.00 |
| 84 | UTICEF DS 60ML 50MG | CEFIXIME-50mg/5ML | 60ml | 140.00 |
| 85 | SUPRAMOX CV BID D/S-60ML | AMOXYCILLIN 200MG +CLAVULANIC ACID 28.50MG | 60ML | 175.00 |
| 86 | ACTICET SUSPENSION 50ML | (IBUPROFEN-100MG +PARACETAMOL- 125MG)/5ML | 50ml | 30.00 |
| 87 | ARCETRIN SYRUP 30ML | CETIRIZINE DIHYDROCHLORIDE-5MG/5ML | 30ml | 45.00 |
| 88 | ARCETRIN SYRUP 60ML | CETIRIZINE DIHYDROCHLORIDE-5MG/5ML | 60ml | 70.00 |
| 89 | ARFLOX ORAL SUSP 60ML | OFLOXACIN - 50MG/5ML | 60ml | 110.00 |
| 90 | ARGEL SUSP. 170ML | (MAGALDRATE-400MG+SIMETHICONE-20MG)/5ml | 170ml | 140.00 |
| 91 | ARHEX MOUTH WASH 100ML | CHLORHEXIDINE GLUCONATE 0.2%W/V | 100ml | 80.00 |
| 92 | ARSIL SYRUP 100ML | " (DEXTROMETHORPHAN HYDROBROMINE 10MG+ CHLORPHENIRAMINE MALEATE 2MG)/5ML " | 100ml | 120.00 |
| 93 | ARSIL-DX SYRUP 100ML | " (Dextromethorphan Hydrobromide 15mg +Phenylephrine 5mg+Chlorpheniramine Maleate 2mg)/5ml " | 100ml | 130.00 |
| 94 | ARSIL-DX SYRUP 50ML | | 50ml | 85.00 |
| 95 | ARTIMAZOLE M.PAINT 15ML | CLOTRIMAZOLE-1% W/V | 15gm | 130.00 |
| 96 | ARYADINE 5% SOL. 100ML | POVIDONE IODINE 5% - W/V | 100ml | 150.00 |
| 97 | ARYADINE GARGLE 100ML | POVIDONE IODINE 1% - W/V | 100ml | 130.00 |
| 98 | ARYAMOL DROPS 15ML | PARACETAMOL-150MG/ML | 15ml | 30.00 |
| 99 | ARYAMOL SUSP. 60ML | PARACETAMOL-125MG/5ML | 60ml | 30.00 |
| 100 | BUSTOP SYRUP 100ML | VITAMIN B-COMPLEX | 100ml | 90.00 |
| 101 | BUSTOP SYRUP 200ML | VITAMIN B-COMPLEX | 200ml | 130.00 |
| 102 | LEVRIX 2.5MG SYRUP 30ML | LEVOCETIRIZINE HCL-2.5MG/5ML | 30ml | 45.00 |
| 103 | MUCODRYL SYRUP – 100ML | (SALBUTAMOL-2MG +BROMOHEXINE-4MG)/5ML | 100ml | 90.00 |
| 104 | SET SYRUP 60ML | (PARACETAMOL 125MG+CHLORPHENIRAMINE MALEATE 1MG+PHENYLEPHRINE HCl 2.5mg)/5ml | 60ml | 80.00 |
| 105 | SOOTHEX-BM 100ML | "(TERBUTALINE SULPHATE 2.5MG+ BROMHEXINE HCL 8MG)/5ML" | 100ml | 140.00 |
| 106 | SOOTHEX-BM 30ML | " (TERBUTALINE SULPHATE-1.5MG+ BROMHEXINE HCL 4MG)/5ML" | 30ml | 80.00 |
| 107 | SOOTHEX-BM 60ML | " (TERBUTALINE SULPHATE-1.5MG+ BROMHEXINE HCL 4MG)/5ML" | 60ml | 100.00 |
| 108 | SPASPAIN DROP 10ML | "(DICYCLOMINE HCL 10MG+ ACTIVATEDDIMETHICONE 40MG)/ML" | 10ml | 60.00 |
| 109 | VOMINE SYRUP 60ML | PROMETHAZINE HCL-5MG/5ML | 60ml | 55.00 |
| 110 | WIN-Z 100 15ML | AZITHROMYCIN-100MG/5ML | 15ml | 60.00 |
| 111 | WIN-Z 100 30ML | AZITHROMYCIN-100MG/5ML | 30ml | 100.00 |
| 112 | WIN-Z 200 15ML | AZITHROMYCIN-200MG/5ML | 15ml | 100.00 |
| 113 | WIN-Z 200 30ML | AZITHROMYCIN-200MG/5ML | 30ml | 150.00 |
| 114 | WORMEX SUSPENSION 10ML | ALBENDAZOLE -400MG/10ML | 10ml | 18.00 |
| 115 | LAXILOSE-200ml | Lactulose Solution | 200ML | 400.00 |

## Surgical, Injectable and other goods Supplied by Jayswal Pharmacy

| | | | |
|---|---|---|---|
| 1 | Gauze Than | 1 than | 410 |
| 2 | Bandage Than | 1 than | 410 |
| 3 | Cotton roll 400gm | 1 roll | 310 |
| 4 | Adhesive Tape | 1 roll | 310 |
| 5 | Acivated Charcoal | 1 pkt | 40 |
| 6 | Chlorine Powder 400gm | 1 ph | 40 |
| 7 | Surgical Gloves 6.5/7.0. | 1 pair | 40 |
| 8 | Examination Gloves | 1 box | 630 |
| 9 | Surgical Mask | 1 pcs | 5 |
| 10 | Dextrose 5% solution 500ml | 1 ph | 55 |
| 11 | Normal Saline 500ml | 1 ph | 55 |
| 12 | Ringer Lactate 500ml | 1 ph | 60 |
| 13 | Adrenaline injection | 1 amp | 30 |
| 14 | Atropine injection | 1 amp | 14 |
| 15 | Magnesium sulphate injection | 1 amp | 20 |
| 16 | Pheniramine Injection | 1 amp | 14 |
| 17 | Ranitidine Injection | 1 amp | 12 |
| 18 | Frusemide injection | 1 amp | 12 |
| 19 | Lignocaine injection 2% | 1 vial | 50 |
| 20 | Lignocaine & adrenaline injection | 1 vial | 55 |
| 21 | Calcium Gluconate injection | 1 amp | 45 |
| 22 | Dexamethasone injection | 1 set | 28 |
| 23 | Digital BP set | 1 set | 3500 |
| 24 | Digital thermometer | 1 pcs | 180 |
| 25 | Folyes catheter | 1 pcs | 100 |
| 26 | Rubber catheter | 1 pcs | 40 |
| 27 | Syringe 1ml | 1 pcs | 10 |
| 28 | Syringe 2ml | 1 pcs | 10 |
| 29 | Syringe 3ml | 1 pcs | 5 |
| 30 | Syringe 5ml | 1 pcs | 5 |
| 31 | Syringe 10ml | 1 pcs | 10 |
| 32 | I & D set | 1 set | 2500 |
| 33 | Dressing set | 1 set | 2500 |
| 34 | M-cannula 18/20/22G | 1 pcs | 55 |
| 35 | IV cannula 246 | 1 pcs | 65 |
| 36 | Urine Bag | 1 pcs | 50 |
| 37 | B.P set | 1 set | 2500 |
| 38 | I.V set | 1 pcs | 55 |
| 39 | Ciprofloxacin Eye Ointment | 1 tube | 30 |
| 40 | Ciprofloxacin Eye/Ear Drop | 1 ph | 30 |
| 41 | Clotrimazole Vaginal Tab | 1 tab | 10 |
| 42 | Gentamycin Injection | 1 vial | 35 |
| 43 | Gention Violet Soln. | 1 ph | 40 |
| 44 | Hyoscine Injection | 1 amp | 35 |
| 45 | Metoclopramide 10 Mg. | 1 tab | 2 |
| 46 | Metoclopramide Syrup | 1 ph | 35 |
| 47 | Metoclopramide Injection | 1 amp | 25 |
| 48 | Oxytocin Injection | 1amp | 28 |
| 49 | Permethrin Lotion 100 MI | 1 ph | 120 |
| 50 | Permethrin Cream | 1tube | 150 |
| 51 | Asthalin Solution | 1 ph | 21 |
| 52 | Tranexmic Injection | 1 amp | 80 |
| 53 | Catgut 1-0/2-0/3-0 | 1 pcs | 240 |
| 54 | Mersilk 1-0/2-0/3-0 | 1 pcs | 280 |
| 55 | Hand Sanitizer 100 MI/500 MI | 1 ph | 12/450 |
| 56 | Impravent Solution | 1 ph | 65 |
| 57 | Suture Set | 1 set | 2500 |
| 58 | Nyano Jhola | 1jhol | 796 |
| 59 | Silicon Ring Pessary | 1pcs | 350 |
| 60 | Vitamin K Injection | 1 amp | 65 |
| 61 | House Gloves | 1 pair | 120 |
| 62 | First Aid Box | 1 box | 2500 |
| 63 | Phenyl 400 Ml. | 1 ph | 140 |
| 64 | Makaintosh (1*10 meter) | 1 roll | 4500 |
| 65 | Green Cloth | 1mtr. | 550 |
| 66 | Otoscope | 1 set | 7500 |
| 67 | Ent. Set | 1 set | 6500 |
| 68 | Weight Machine | 1 pcs | 2500 |
| 69 | Pantoprazole Injection | 1 vial | 70 |
| 70 | Ceftriaxone 1 gm Injection | 1 vial | 78 |
| 71 | Ceftriaxone 500 mg Injection | 1 vial | 50 |
| 72 | Tongue Depressor | 1 pcs | 15 |
| 73 | Gentamycin Eye/Ear Drop | 1 vial | 30 |

**सर्जिकल सामानको मुल्यमा १३ प्रतिशत कर समावेश गरिएको छैन ।**